# मिति २०७४/०४/२७ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिका बैठकका निर्णयहरू

१· प्रस्ताव नं १ मा छलफल गर्दा ढोरचौर गाउँपालिका अन्तर्गतका साविकका गाविसले करारमा नियुक्ती गरेका कार्यालय सहयोगीहरु ओपेन्द्र बुढाथोकी, बल बहादुर चलाउने र तिलाराम खड्काले मासिक १३०००।- (तेह्र हजार मात्र) र सलेपा देवराज बस्नेतले मासिक १८०००।- (अठार हजार मात्र) का दरले तलब सुविधा र अन्य सुविधा प्रचलित कानुन बमोजिम हुनेगरी २०७४ साल स्रावन १ गते देखि लागु हुने गरि २०७४ साल पुस मसान्त सम्मको लागि करार म्याद थप गर्ने सर्वसम्मतले निर्णय गरियो।

२· प्रस्ताव नं २ मा छलफल गर्दा ढोरचौर गाउँ कार्यपालिकाको कार्यालय तथा वडा नं ३ र वडा नं ४ मा कार्यालय सहयोगी नभइ कार्यालय सन्चालनमा बाधा पर्न गएकोले कार्यलय सन्चालनमा सहजता ल्याउन कर्मचारी समायोजन भई कार्यालय सहयोगी नआउदा सम्मलाई दैनिक ज्यालादारीमा काम गर्ने गरि कार्यालय सहयोगी राख्ने सम्बन्धमा वडा कार्यालयहरुको हकमा दैनिक (काम गरेको दिनको) रु ३०८।- तथा गाउँकार्यपालिकाको हकमा दैनिक (काम गरेको दिनको) रु ४५०।- ज्याला पाउने गरी कार्यालय सहयोगी राख्ने सर्वसम्मतले निर्णय गरियो।

३· प्रस्ताव नं ३ मा छलफल गर्दा गाउँसभाबाट पारित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा सन्चालन गर्ने सम्बन्धमा पहिलो चरणमा बर्षायाममा संचालन गर्न सकिने योजनाहरु छनोट गरि उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने सर्वसम्मतले निर्णय गरियो।

४· प्रस्ताव नं ४ मा छलफल गर्दा योजनाको २ (दुई) प्रतिशत कटेन्जेन्सी रकम कट्टा गर्ने सर्वसम्मतले निर्णय गरियो।

५· प्रस्ताव नं ५ मा छलफल गर्दा यस गाउँकार्यपालिकाको स्वीकृत दरबन्दी अनुसार ईन्जियर तथा ओभरसियर पद रिक्त रहदा गाउँसभा बाट स्वीकृत योजनाको कार्यान्वयन तथा सन्चालनमा बाधा पर्न गई समयमै योजना सम्पन्न हुन नसक्ने स्थिति देखिएकोले सरोकारवाला निकायसँग कर्मचारी उपलब्ध गराउन अनुरोध गर्ने र समयमै कर्मचारी उपलब्ध गराउन नसक्ने भएमा गाउँपालिकाले सेवा करारमा ईन्जियर तथा ओभरसियर राख्नको लागि सम्बन्धित निकायसँग अनुमति माग गर्ने सर्वसम्मतले निर्णय गरियो।

६· प्रस्ताव नं ६ मा छलफल गर्दा गाउँकार्यपालिका तथा गाउँसभाका प्रत्येक सदस्यलाई बार्षिक ७५००।- (सात हजार पाँच सय मात्र) का दरले पोशाक भत्ता उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।

७· प्रस्ताव नं ७ मा छलफल गर्दा गाउँपालिकाका वडा कार्यालयहरुलाई कार्यालय सन्चालन तथा विविध खर्च बापत प्रत्येक वडा कार्यालयमा मासिक १००००।- (दश हजार मात्र) का दरले पेश्की रकम उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।